कार्यपालिका बैठक संख्या: १४९
बैठक मिति: २०८२/०६/०७
अध्यक्षता: नगर प्रमुख श्री हेमकर्ण पौडेल

**निर्णय नं. १**

जेनजी पुस्ताद्वारा यहि मिति २०८२ भाद्र २३ गते आव्हान गरिएको प्रर्दशन / आन्दोलन त्यस पश्चात उत्पन्न भाद्र २४ गते परिस्थितिमा घुसपैट गरी अराजक / विध्वन्सकारी समूहद्वारा भएको विध्वासांत्मक र अमानविय गतिविधिबाट इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थाहरु आगजनी तोडफोड लुटपाट भएकोले तत्कालका लागि कार्यालय तथा सेवा गर्न असहज र असुविधा हुन गएकोले सेवा स्थगन भएकोमा परिस्थिति र जनजीवन समान्य तर्फ उन्मुख हुँदै गएकोले आआफ्नो कार्यालय, महाशाखा/ शाखा, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरु नगरवासी तथा सेवाग्राही प्रति जनउत्तरदायी हुँदै यथासिघ्र कार्यालय तथा सेवा सञ्चालन / सुचारु गर्ने र सोको लागि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक कार्य प्रकृया अगाडी बढाउन निर्देशन दिने निर्णय गरियो । साथै कार्यालय सञ्चालन तथा सेवा सुचारुका लागि स्थलगत अनुगमनका लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

(१) प्रमुख प्रशासकीय अधिकृत - संयोजक
(२) सम्बन्धित महाशाखा / शाखा प्रमुख - सदस्य
(३) सम्बन्धित वडा सचिवहरु - सदस्य

**निर्णय नं. २**

इटहरी उपमहानगरपालिका नगर कार्यापालिकाको कार्यालयमा अधिकृतस्तर आठौं तहमा कार्यरत लेखा अधिकृत श्री बिकास पोखरेलको कार्यशैली प्रति व्यापक जन गुनासो आएको र कार्यापालिका प्रति अनादार गरेकोले निजलाई यस कार्यालयमा राखि राख्न उपयुक्त नभएकोले र निजलाई सरुवा गर्दा कार्यालयको कामकाजमा कुनै बाधा नपर्ने भएकोले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) एन, २०८० को दफा २४ को

उपदफा (४) बमोजिम यस कार्यालयबाट सरुवाका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, बिराटनगरमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको स्वीकृत दरवन्दी दरवन्दी अनुसार अधिकृतस्तर नवौं/दशौं लेखा अधिकृतको दरवन्दी रहेकोमा हाल नवौ/दशौं तहको लेखा अधिकृतको पदपूर्ति नभएको अवस्था आठौं तहको लेखा अधिकृतबाट कार्यालयको खाता सञ्चालन हुँदै आइएकोमा हाल कार्यरत अधिकृतस्तर आठौंमा कार्यरत लेखा अधिकृत श्री विकास पोखरेललाई स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) एन, २०८० को दफा २४ को उपदफा (४) बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, बिराटनगरमा सरुवा सिफारिस गर्ने भनि निर्णय समेत भएको र मिति २०८२।०५।१२ को कार्यालयको आन्तरिक सरुवा सम्बन्धि निर्णयलाई अनुमोदन गर्दै अधिकृतस्तर सातौं तहका लेखा अधिकृत श्री लखनलाल चौधरीलाई लेखा प्रमुखको जिम्मेबारी दिने साथै कार्यालयको खाता प्रमुख प्रशासकीय अधिकृत श्री मिनबहादुर भट्टराइ र लेखा अधिकृत श्री लखनलाल चौधरीबाट खाता सञ्चालन हुने व्यवस्थाका लागि कोष तथा लेखा नियन्त्रण कार्यालय, सुनसरी इनरुवालाई अनुरोध गर्ने निर्णय गरियो ।